नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको
३९औं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)

१. वैधानिक सभाः

नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको मिति २०८२ साल पौष ०८ गते बसेको सञ्चालक समितिको ६३० औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बैंकको ३९औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री पृथ्वी बहादुर पाँडेज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

२. सभाको मिति, समय र स्थानः

२.१ मिति : बुधवार, पौष ३० गते २०८२ साल, (जनवरी १४, २०२६)
२.२ समय : बिहान ११:०० बजे ।
२.३ स्थान : एलिस रिसेप्सन, गैरिधारा, काठमाण्डौ ।

३. सभाको सूचना सम्बन्धी जानकारीः

मिति २०८२ साल पौष ०८ गते बसेको सञ्चालक समितिको ६३० औं बैठकको निर्णयानुसार बोलाइएको यस बैंकको ३९औं वार्षिक साधारणसभाको लागि कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावलीको नियम ४ (३) बमोजिम कम्तीमा २१ दिन अगावै शेयरधनीहरुलाई सभा हुने ठाँउ, मिति र साधारण सभामा पेश गर्नु पर्ने तथा निर्णय गर्नु पर्ने विषयबस्तुहरु उल्लेख गरी नागरीक दैनिकमा मिति २०८२ साल पौष ९ गते र कारोवार दैनिकमा मिति २०८२ साल पौष २३ गते सूचना प्रकाशित गरी जानकारी गराईएको छ ।
बैंकले कम्पनी ऐन, २०६३ को दफा ८४ को उपदफा (४) र (५) बमोजिम बैंकको संक्षिप्त वार्षिक आर्थिक विबरणहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि नागरीक दैनिकमा मिति २०८२ साल पौष ९ गते र कारोवार दैनिकमा मिति २०८२ साल पौष २३ गते ३९औं वार्षिक साधारण सभाको सुचना समेत समावेस गरी पुरा पृष्ठ प्रकाशित गरिएको व्यहोरा जानकारी गराउंदछौं ।
कम्पनी ऐनले गरेको व्यवस्थाको अधिनमा रही साधारण सभाको सूचना तथा सभामा पेश गर्नुपर्ने तथा निर्णय गर्नुपर्ने विषयबस्तु समेत उल्लेख भएको बैंकको ३९औं बार्षिक प्रतिवेदन विद्युतीय सञ्चारमाध्यम बैंकको Website www.nimb.com.np मा पनि राखिएको छ ।

४. सभाको विषय सूची :

४.१ छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची :

*क) सामान्य प्रस्ताव :*

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३२, २०८२ मा समाप्त भएको बर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरि पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "एनआइएमबि एस क्यापिटल लिमिटेड र एनआईएमबि स्टक मार्केट्स लिमिटेड" समेतको आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत ( Consolidated ) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस मुताविक लेखापरीक्षकको

नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (वर्तमान लेखापरिक्षक चार्टड एकाउण्टेन्टस् फर्म श्री पि. के. एफ. टि. आर उपाध्याय एण्ड कम्पनी पुन: नियुक्त हुन सक्नुहुनेछ) ।

*ख) विशेष प्रस्ताव :*

१. साधारण सभाको निर्णयमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी दिने ।

ग) विविध :

५. उपस्थिति:

५.१ सञ्चालकहरू (कम्पनी ऐन, २०६३ को दफा ६८) :

| | | |
|---|---|---|
| (क) श्री पृथ्वी बहादुर पाँडे | - | अध्यक्ष |
| (ख) श्री प्रजन्य राजभण्डारी | - | सञ्चालक |
| (ग) श्री मदन कुमार आचार्य | - | सञ्चालक |
| (घ) श्री दिपंकर शाक्य उदय | - | सञ्चालक |
| (ङ) श्री कवि कुमार टिवरेवाला | - | सञ्चालक |
| (च) श्री शालिकराम वेल्वासे | - | सञ्चालक |
| (छ) श्रीमती शोभा श्रेष्ठ | - | सञ्चालक |

५.२ पदाधिकारीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| क | श्री ज्योति प्रकाश पाण्डे | प्रमुख कार्यकारी अधिकृत |
| ख | श्री महेश शर्मा ढकाल | वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत |
| ग | श्री रबिन सिजापती | वरिष्ठ नायब महाप्रबन्धक |
| घ | श्री सचिन टिबडेवाल | नायब महाप्रबन्धक |
| ङ | श्री सुजाता जोशी | नायब महाप्रबन्धक |
| च | श्री प्रज्ञा पाण्डे | नायब महाप्रबन्धक |
| छ | श्री राजेश शर्मा | नायब महाप्रबन्धक |
| ज | श्री जेनु थापा | सहायक महाप्रबन्धक |
| झ | श्री निकिता मास्के | सहायक महाप्रबन्धक |
| ञ | श्री उज्वल मानन्धर | सहायक महाप्रबन्धक |
| ट | श्री राजेन्द्र सुबेदी | सहायक महाप्रबन्धक |
| ठ | श्री सृजना पाण्डे | सहायक महाप्रबन्धक |
| ड | श्री मेख बहादुर थापा थाडा | सहायक महाप्रबन्धक |

५.३ आमन्त्रित:

१. श्री नवराज सुवेदी — कम्पनि रजिष्ट्रारको कार्यालय
२. श्री कन्चन सापकोटा — सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

PRN

५.४ शेयरधनीहरुको उपस्थिति (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम):

बैंकको हाल कायम कुल चुक्ता पुँजी रु. ३४,१२,८५,९४,८९६।५२ (अक्षरुपी चौतिस अर्व बाह्र करोड पचासी लाख चौरानब्बे हजार आठ सय छ्यानब्बे रुपैया बाउन्न पैसा मात्र) को रु.१०० अंकित दरका ३४,१२,८५,९४८.९६ (चौतिस करोड बाह्र लाख पचासी हजार नौ सय अड्चालीस दशमलव छ्यानब्बे) कित्ता शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरु:

| शेयर तथा शेयरधनी | जम्मा | स्वयं उपस्थित | प्रतिनिधि मार्फत | जम्मा उपस्थित | कुल प्रतिनिधि प्रतिशतमा |
|---|---|---|---|---|---|
| शेयर | ३४१,२८५,९४८.९७ | १५०,३९४,५०३ | २६,१८५,१४१ | १७६,५७९,६४४ | ५१.७३ |
| शेयरधनी | ३३२६५० | २१८० | ४२९ | २६०९ | |

६.सभाको वैधानिकता र गणपुरक संख्या:

६.१ साधारण सभा शुरू हुनु अघि कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको तर्फबाट स्वागत गर्नु हुँदै कम्पनी ऐन र बैंकको प्रबन्धपत्र, नियमावली तथा प्रचलित नेपाल कानून बमोजिम बैंकको ३९औं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरूप सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई दिनुभयो ।

६.२ तत्पश्चात् कम्पनी ऐन २०६३ को दफा ७३ अनुसार गणपुरक संख्या पुगेको सभाले सभा सञ्चालन गर्न मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषयसूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कारवाही अगाडि बढाउन सहमति दियो ।

७. सभाको सभापतित्व:

सभाको वैधानिकता पूरा भएपछि कम्पनी ऐन २०६३ को दफा ७४ र बैंकको नियमावलीको नियम ६ अनुसार यस बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पृथ्वी बहादुर पाँडेज्यूलाई ३९औं वार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नुभयो ।

८. सभाको उद्घाटन र सभा सञ्चालन:

बैंक सञ्चालक समितिका अध्यक्षले बैंकको ३९औं वार्षिक साधारणसभाको सभापतित्व ग्रहण गरेपछि कार्यतालिका अनुसार कम्पनी सचिवको अनुरोधमा अध्यक्ष तथा कार्यक्रमका सभापतिज्यूको निर्देशानुसार कम्पनी सचिवले सभा सञ्चालन गर्नु भयो ।

९. सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती:

९.१.आर्थिक वर्ष २०८१/०८२ सम्मको बैंकको अवस्था, प्राप्त उपलब्धीहरु र भावी कार्यक्रमका बारेमा प्रमुख कार्यकारी अधिकृत श्री ज्योति प्रकाश पाण्डेज्यूले प्रकाश पार्नु भयो ।

९.२.सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभाका सभापतिज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको ३९औं वार्षिक प्रतिवेदन सभा समक्ष सुनाउनु भयो ।

९.३.सभाका सभापतिज्यूले सञ्चालक समितिका ३९औं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको एकीकृत वासलात तथा एकीकृत नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण ( सहायक कम्पनी समेतको) लगायत अन्य वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूलाई आह्वान गर्नुभयो ।

१०. छलफलमा सहभागी हुनु हुने शेयरधनी महानुभावहरू:

छलफलका लागि सभापतिज्यूले आह्वान गर्नु भए अनुसार सभामा शेयरधनी महानुभावहरूले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझाव राख्न आ-आफ्नो नाम दिनु भयो । शेयरधनी महानुभावहरुले क्रमश: आ-

आफ्नो राय तथा सुझावहरु राख्नु भयो । उहाँहरुका राय/सुझावहरु तथा सो माथि बैंक व्यवस्थापन तथा संचालक समितिका अध्यक्षज्यूको तर्फबाट गरिएको सम्बोधनलाई यसै निर्णय पुस्तिकाको अनुसूची १ मा उल्लेख गरिएको छ ।

११. प्रस्ताव तथा निर्णय :

सभामा उठेका प्रश्नहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषयसूचीमा उल्लेखित प्रस्तावहरु सभाद्धारा पारित गर्नको लागि प्रस्तुत गरीएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार निर्णय भयो ।

क) सामान्य प्रस्ताव :

**१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३२, २०८२ मा समाप्त भएको बर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरि पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३२, २०८२ मा समाप्त भएको बर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरि पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**३. यस बैंकको सहायक कम्पनी "एनआइएमवि एस क्यापिटल लिमिटेड र एनआईएमबि स्टक मार्केट्स लिमिटेड" समेतको आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत ( Consolidated ) वित्तीय विवरण स्वीकृत गर्ने ।**

यस बैंकको सहायक कम्पनी "एनआइएमवि एस क्यापिटल लिमिटेड र एनआईएमबि स्टक मार्केट्स लिमिटेड" समेतको आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत ( Consolidated ) वित्तीय विवरण स्वीकृत गरियोस् भनी सभा समक्ष प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस मुताविक लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (वर्तमान लेखापरिक्षक चार्टड एकाउण्टेन्टस् फर्म श्री पि.के.एफ. टि.आर.उपाध्याय एण्ड कम्पनी पुनः नियुक्त हुन सक्नुहुनेछ) ।**

कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखापरिक्षण गर्न र निजको पारिश्रमिक तथा नियूक्तिको शर्त तोक्ने सम्बन्धमा लेखापरिक्षण समितिको सिफारिस निम्न बमोजिम रहेको छ :

| S. No. | Name of Audit Firm | Fee Quoted (exclusive of VAT) |
|---|---|---|
| 1 | M/s. PKF T R Upadhya & Co<br>Chartered Accountants | NPR 5,723,475.00 including professional fees for other services and out of pocket expenses. |
| 2 | M/s. D & D Associates,<br>Chartered Accountants | NPR 6,200,000.00 including all. |

PRN

| | | |
|---|---|---|
| 3 | M/s. P & B Associates, Chartered Accountants | NPR 6,300,000.00 exclusive of out of pocket expenses. |

लेखापरिक्षण समितिको सिफारिस मुताविक पारिश्रमिक रु.5,723,475.00 (including VAT) पाउने गरी कम मुल्य पेश गर्नुहुने **M/s PKF T R Upadhya & Co.** लाई लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव पारित गरियोस भनी सभा समक्ष प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

*ख) विशेष प्रस्ताव :*

१. **साधारण सभाको निर्णयमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै भाषिक संशोधन वा फेरवदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी दिने ।**

साधारण सभाको निर्णयमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै भाषिक संशोधन वा फेरवदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गरियोस भनी सभा समक्ष प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**ग. विविध :** विविध अन्तर्गत छलफलको लागि कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

**१२. धन्यवाद ज्ञापन :**

सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु पारित भएपछि बैंकको ३९औं वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रूपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नु भएकोमा सबै शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । बैंकको ३९औं वार्षिक साधारण सभालाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने प्रमुख कार्यकारी अधिकृत, बैंकको उच्च व्यवस्थापनका पदाधिकारीहरु तथा बैंकका सम्पूर्ण कर्मचारीहरु साथै साधारण सभा सम्पन्न गर्नका लागि विशेष सहयोग पुऱ्याउनु हुने नियामक निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि., एनआईएमबि एस क्यापिटल लि., एनआईएमबि स्टक मार्केट्स लि., सुरक्षा निकायका सुरक्षाकर्मीहरु, विभिन्न संघसंस्थावाट पाल्नु भएका प्रतिनिधि, यस बैंकको वाह्य लेखापरीक्षक श्री **पि.के.एफ. टि.आर.उपाध्याय एण्ड कम्पनीका** प्रतिनिधिज्यूलाई विशेष धन्यवाद दिनु भयो ।

**१३. सभा बिसर्जन:**

अन्त्यमा सम्पूर्ण कार्यक्रमको समापन पश्चात् अपरान्ह २:०० बजे सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ...................... | ...................... |
| मनिष कुमार सिंह | पृथ्वी बहादुर पाँडे |
| कम्पनी सचिव | सभापति |

मिति : २०८२ माघ १५ गते ।

## अनुसूची १ (माइन्यूटको बुँदा नं. १० संग सम्बन्धित)

छलफलमा भाग लिनु भएका शेयरधनी महानुभावहरुको नाम तथा उहाँहरुबाट व्यक्त धारणाको सार संक्षेप तथा सो माथि बैंक व्यवस्थापनको तर्फबाट गरिएको सम्बोधन देहाय बमोजिम रहेको छ ।

१) **प्रो. शत्रुघन श्रेष्ठ :**

- आर्थिक वर्ष २०८१/८२ मा बैंकले शेयरधनीहरुलाई कुनै पनि लाभांश नदिएकोमा गुनासो गर्नु भयो ।
- विगत वर्षहरुमा राम्रो लाभांश दिएको बैंक नेपाल राष्ट्र बैंकको नीतिगत असफलताको कारण ३/३ वर्षसम्म
  लाभांश दिन नसक्ने अवस्थामा आएको भन्ने धारणा राख्नु भयो ।
- कोराना कालखण्ड, आर्थिक संकट,बैंकहरुमा अत्याधिक तरलता बढेको, विसम राजनितिक परिस्थीतिको कारणले बैंकहरुमा एनबिए बढ्यो, यसको समयमै समाधान खोज्नु पर्ने बताउनु भयो ।
- कर्मचारिहरुको सिप क्षमता वृद्धि गर्न विभिन्न किसिमका तालिमहरु दिने, बैंकिङ्ग शुसासनमा जोड दिने,
  रेगुलेटरहरुका निर्देशन निति नियमको पालना, वीत्तिय शुसासनमा जोड दिनु पर्ने बताउनु भयो ।
- बैंकमा प्रविधिको उच्चतम प्रयोगमा ध्यान दिनु पर्नेमा जोड दिनु भयो ।

२) **व्यास कुमार शर्मा :**

- अध्यक्षज्यूबाट अहिलेको समसामायीक विषयवस्तुमा प्रस्तुत सँग कुराहरु आएकोले म धेरै कुरा गर्दैन भन्दै बैंकहरु अफठ्यारो अवस्थामा रहेको र ७ वटा वाणिज्य बैंकहरुले लाभाशं दिन नसक्ने अवस्थामा रहेको जानकारी गराउनुहुदै यो बैंकको प्रगति अरु ठिकै रहेको धारणा राख्नु भयो ।
- बैंकहरुले लाभांश दिन नसक्नुमा नेपाल राष्ट्र बैंकले अनौपचारिक रुपमा बैंकलाई दबाब दिई प्रोभिजन गर्ने गरेको कारण हो । NBA, ICAN र ACAN जस्ता संस्थाहरुले अहिलेको परिस्थितीमा बैंक तथा वित्तीय संस्थामा देखा परेका नीतिगत र व्यवहारीक समस्याहरुको बारेमा कुरा उठाउन पर्ने धारणा राख्नु भयो ।
- प्रमुख कार्यकारी अधिकृतले मेहनत गरेको भएपनि NPL बढेको र असुलीमा केन्द्रित भई आगामि वर्ष शेयरधनी खालीहात हुन नपर्ने आशा व्यक्त गर्नु भयो ।
- Asset Management कम्पनी खुलेको छैन, लगानीका क्षेत्रहरु भएनन् ,समग्र बैंकिङ्ग क्षेत्र निराशामा रहेको जानकारी समेत गराउनु भयो ।

३) **गुण राज भट्ट :**

- ३/३ वर्ष भै सक्यो बैंकले लाभांश दिन सकेन यस बाट मर्जर असफल भयो कि भन्ने आशंका लागेको पुन यस साधारण सभामा दोहोराउनु भयो ।
- प्रमुख कार्यकारी अधिकृतले मेहनत गरेको भएपनि NPL बढेको र त्यसलाई घटाउन जोड दिदै सरकारले धितो लिलामी प्रक्रियामा सहयोग नगरेकोमा गुनासो गर्नु भयो ।
- NRB को NBA सम्बन्धी नीति तथा ध्यान नपुगेको कारण बैंकहरु थला पर्दै गएको व्यहोरा जानकारी गराउदै राम्रो गर्न सके पुन : यो बैंक नम्बर १ हुन सक्ने आफ्नो भनाई राख्नु भयो ।

४) **सन्दिप अग्रवाल :**

- सस्थापक शेयरधनीले नेपाल राष्ट्र बैंकको नीतिगत असफलताको कारण ३/३ वर्षसम्म लाभांश दिन नसक्ने अवस्थामा आएको धारणा राख्नु भयो ।
- नेपाल राष्ट्र बैंकले नियमन भन्दा नियन्त्रण नीति लिएको देखिन्छ ।



NEPAL INVESTMENT MEGA BANK LTD.

- हाल संस्थापक शेयर रु.१०० मा पनि नबिक्नु दुखद कुरा बताउनु भयो ।
- पूँजीबजार र आर्थिक मन्दी छिट्टै सुधार हुनेमा आशा वादी रहेको बताउनु भयो ।
- बैंकर र व्यावसायी छुट्याउने सरकारको नीति ठिक भएन, संचालक/शेयरधनीले आफ्ना लगानीको सुरक्षा गर्न पाउनु पर्नेमा जोड दिनु भयो ।

५) गोबिन्द वास्तोला :

- बैंक नाफामा नभएको बेला संचालकको भत्ता र प्रमुख कार्यकारीको तलव उही रहनु ठिक भएन भन्ने धारणा राख्नु भयो ।
- समग्र देशको परिस्थितीका कारण संचालक र व्यवस्थापनले राम्रो गर्न नसक्ने अवस्था बिध्यमान रहेको भएता पनि यसलाई सुधार गर्दै लैजानु पर्ने धारणा राख्नु भयो ।

६) जयन्द्रमान सिंह बानियाँ :

- ३/३ वर्ष भै सक्यो बैंकले लाभांश दिन सकेन क्वालिटि व्यवसाय गर्नु पर्नेमा जोड दिनु भयो ।
- ३९औ वर्ष पुरा गरेको यति पुरानो बैंकले मुनाफा वितरण गर्न नसक्नु आफैमा दुखद कुरा हो भनि सभामा आफ्नो धारणा राख्नु भयो ।

७) जिवन लाल बज्राचार्य :

- बैंकको अवस्था हेर्दा संचालक र व्यवस्थापनका कर्मचारीहरु Failure होकि भन्ने आशंका ।
- साधारण सभा समयमा नभएको गुनासो गर्नु भयो ।
- राष्ट्र बैंकको नीतिका काराण बैंकहरु अप्ठ्यारोमा परेको गुनासो गर्नु भयो ।
- प्रमुख कार्यकारी अधिकृतको Performance समय समयमा Review हुन्छ हुदैन भनी चासो राख्नु भयो ।

८) उत्सव श्रेष्ठ :

- शेयरधनीहरुको अन्तिम इच्छा लाभांश भएकाले नपाउदा गुनासो हुनु स्वभाविकै रहेको व्यहोरा सभामा बताउनु भयो ।
- Loan Write off समाधान नभएकाले बैंक व्यवस्थापन र नेतृत्वले समयमै ध्यान दिनु पर्ने जानकारी गराउनु भयो ।
- सामाजिक उत्तरदायित्वमा लगानी बढी भयो । सकेसम्म थोरै गर्नका लागि अनुरोध गर्नु भयो ।

९) उपेन्द्र खड्का :

- संस्थापक शेयरधनीहरुको मूख्य आशा लाभांश भएकाले ३/३ वर्षसम्म नदिन सक्ने कसरी भयो ।
- संस्थापक शेयरधनीहरुलाई कर्मचारी वर्गले चिन्नु पर्ने र भ्यालु दिनु पर्नेमा जोड् दिनु भयो ।
- बैंक सुधार गरेर अर्को वर्ष लाभाशं दिनुहोस भनि व्यवस्थापनलाई अनुरोध गर्नु भयो ।

१०) लवराज जोशी :

- अध्यक्षले अघिल्लो साधारण सभामा ५ प्रतिशत लाभांशको बाचा गरेको र अहिले लाभांश शुन्य भएको गुनासो गर्नु भयो ।
- मर्जर पछि बैंकको अवस्था राम्रो नभएको र NBA व्यवस्थापन कसरी भै रहेको छ भनी प्रश्न गर्नु भयो ।
- युवा पुस्तालाई जिम्मेवारी दिन पहल गर्न सुझाव दिनु भयो ।
- राम्रो गर्ने कर्मचारी र बैंकलाई नराम्रो गर्ने कर्मचारी पत्ता लगाई सो बमोजिम व्यवहार गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो ।

११) उत्तम पाठक

- लाभांशको सम्बन्धमा शेयरधनीहरुबाट धेरै नै गुनासो आएको र आगामी बर्ष लाभांश दिनको लागी बैंकले के कस्ता कार्ययोजना बनाएको छ वा बनाउदै छ सो सम्बन्धमा प्रस्ट पार्न माग ।
- बैंकको Dividend Payout Retio (DPR) नभई नेटवर्थ बढ्यो कि बढेन त्यो महत्वपूर्ण कुरा हो भन्दै समग्र देशको अवस्था राम्रो नभएको बताउनु भयो ।
- सामाजिक उत्तरदायित्वमा खर्च गर्दा समिति/साधारण सभाबाट पूर्व स्वीकृति लिनु राम्रो हुने सुझाव दिनु भयो।

१२) गिता के.सी :

- अध्यक्ष तथा संचालकहरुले आफ्नो जिम्मेवारी पूरा गरी बैंकको अस्तीत्व जोगाउन तर्फ लाग्नु पर्नेमा जोड् दिनु भयो ।
- संस्थापक शेयरधनीहरुलाई कर्मचारी वर्गले चिन्नु पर्ने र ख्याल दिनु पर्नेमा जोड् दिनु भयो ।
- बैक डुब्दा संचालक मात्र नभई शेयरधनीहरु समेत डुब्ने भएकाले सबैले आ आफ्नो क्षेत्रबाट सहयोग गर्नु पर्ने धारणा राख्नु भयो ।

२९) लिखित मन्तव्य :

लक्ष्मण बहादुर श्रेष्ठ, चन्द्र नारायण श्रेष्ठ, निरुपमा गुप्ता, जगन्नाथ आर्चाय, सुरेन्द्र चिमोरिया, प्रो.डा.रामजी पण्डित र नरसिंह लाल चखुँले लिखित मन्तव्य पेश गर्नु भएकोमा उक्त लिखित मन्तव्य बैंकको सचिवालयमा अभिलेख गरी राखिएको छ ।

अध्यक्षको जवाफ :

धेरै जनाले लाभांशको बारेमा सभामा कुरा उठाउनु भयो, अहिलेको अवस्थामा समग्र बैंकिङ्ग इन्डष्ट्रि र देशको आर्थिक स्थिती मन्दि अवस्थामा रहेको र कर्जा नतिर्ने , NBA बेच्न नसकिने तथा धेरै प्रोभिजन गर्नु परेको कारण यो वर्ष रिर्जभमा रकम हुँदा हुदै पनि लाभाशं बाड्न नसकिएको व्यहोरा सभामा जानकारी गराउनु भयो।

अध्यक्ष र संचालकहरुको बैठक भत्ता धेरै नरहेको, लामो समयसम्म नबढाइएको र यस्मा ट्याक्स काटेर नै दिने गरिएको छ । संचालकहरुले पनि Recovery को मोनिटरीङ्ग गरिरहेको भएतापनि राजनैतिक अस्थिरताले गर्दा अर्थतन्त्र ओरालो तर्फ र कानूनी मुद्धा दायर गरी ऋणीहरुले कर्जा समयमै भुक्तान नगर्नाले NPA सोचे अनुसार व्यवस्थापन गर्न कठिनाई परेको ।

अहिले AGM गर्न ढिला भएतापनि आगामी वर्ष छिट्टै वार्षीक साधारणसभा गर्न पहल गर्ने सभा समक्ष जानकारी गराउनु भयो । सबै शाखाहरुलाई प्रोफिटमा लैजाने कोसिस गर्ने र नजिकका धेरै शाखाहरु मर्ज गरिरहेको जानकारी सभामा गराउनु भयो ।

सामाजिक उत्तरदायित्व अन्तर्गतको रकम अत्यन्त आवश्यकतानुसार राष्ट्र बैंकले तोकेको प्रतिशत भन्दा बढी नहुने गरी गरिएको जानकारी गराउदै, सरकारको गलत नीतिले FPO कर लिदा करिब १ अर्ब ९२ करोड रुपैया कर तिर्नु परेको तथा NBA बिक्री गर्नमा सरकारको सहयोग नहुनु नै मूख्य समस्या देखिएको छ । घरबाटो स्थानिय वडा कार्यालयबाट लिन नसकिने, घर खाली गर्न सहयोग नहुने जस्ता कयौ समस्याहरु देखा परेका छन ।

अर्थतन्त्रको प्रत्यक्ष प्रभाव बैंकिङ्गमा पर्ने भएकाले समयमै नियामक निकाय र सरकारले बेलैमा यो क्षेत्रलाई स्थीर बनाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

| | |
|---|---|
| ..................... | ..................... |
| मनिष कुमार सिंह | पृथ्वी बहादुर पाँडे |
| कम्पनी सचिव | सभापति |

मिति : २०८२ माघ १५ गते ।